राष्ट्रिय सूचना आयोग
२०६५

(३२०)

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ९९/२०७०/०७१

मोरङ्ग जिल्ला विराटनगर उप म.न.पा. वडा नं. ७ बस्ने राजु श्रेष्ठ समेत २ जना .................१ निवेदक

**विरूद्ध**

कार्यकारी अधिकृत, विराटनगर उपमहानगरपालिका मोरङ्ग .............................................१ विपक्षी
सूचना अधिकारी, विराटनगर उपमहानगरपालिका मोरङ्ग ..............................................१

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

मोरङ्ग जिल्ला विराटनगर उप म.न.पा., वडा नं. ७ वस्ने राजु श्रेष्ठ समेत २ जनाले जिल्ला प्रशासन कार्यालय मोरङ्ग समक्ष मिति २०६८।१२।२७ र २०७०।४।१५ मा माग गरेको सूचना (पूर्ण विवरण) उपलब्ध गराई पाउं भनी यस आयोग समक्ष निवेदन गरेको । निवेदकको माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी यस आयोगबाट भएको आदेश कार्यान्वयनका लागि मिति २०७०।०६।०७, च.नं.२१६, पु.च.नं. ७० को पत्रबाट पत्राचार भएको र मिति २०७१।०१।०४, च.नं. ८६६, पु.च.नं. ३२५ बाट ताकेता पत्र पठाइएकोमा उक्त कार्यालयले सूचना उपलब्ध गराएको जानकारी आयोगलाई नदिएको तथा लामो समयसम्म निवेदकले सूचना पाइन भनी निवेदन गर्न आएको देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा निवेदकले पुन: आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत निवेदन तामेलीमा राख्नू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।